# भाग ३

## नेपाल सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

## सूचना १

## प्राइभेट फर्म रजिष्ट्रेशन (तेह्रौं संशोधन) नियमावली, २०७७

प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरूको नाम "प्राइभेट फर्म रजिष्ट्रेशन (तेह्रौं संशोधन) नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ को नियम ७ मा संशोधनः</u> प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ७ को,-

(१) उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छः-

"(३क) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोभिड-१९ को रोकथाम तथा नियन्त्रण गर्न सार्वजनिक सेवा तथा व्यवसायको

सञ्चालन तथा सर्वसाधारण जनताको आवतजावतमा रोक लगाएको कारणबाट सम्बत् २०७६ साल चैत्र ११ गतेपछि यो उपनियम प्रारम्भ हुँदाका मितिसम्म उपनियम (३) बमोजिमको अवधिभित्र प्राइभेट फर्म नवीकरण गराउन नसकेका प्राइभेट फर्मको धनीले यो नियम प्रारम्भ भएको मितिले तीन महिनाभित्र उपनियम (३) मा उल्लिखित कागजात संलग्न गरी नवीकरणको लागि सम्बन्धित कार्यालयमा दरखास्त दिन सक्नेछ। त्यसरी दरखास्त दिँदा थप दस्तुर वा जरिवाना लाग्ने छैन।"

(२) उपनियम (४) मा रहेका "उपनियम (३)" भन्ने शब्दहरूको सट्टा "उपनियम (३) वा (३क)" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उपनियम (५) मा रहेका "उपनियम (३)" भन्ने शब्दहरूको सट्टा "उपनियम (३) वा (३क)" भन्ने शब्दहरू राखिएका छन् ।

३. <u>मूल नियमावलीको नियम १० मा संशोधनः</u> मूल नियमावलीको नियम १० को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो उपनियम प्रारम्भ हुँदाका बखत प्राइभेट फर्म नवीकरण गराउन नसकेका प्राइभेट फर्मको धनीले त्यसको मनासिब कारण खुलाई सम्बत् २०७८ साल असार मसान्तभित्र

नवीकरण गराउनको लागि दरखास्त दिएमा र त्यस्तो दरखास्त जाँचबुझ गर्दा कारण मनासिब देखिएमा सम्बन्धित विभागले नियम ७ को उपनियम (४) बमोजिम प्रत्येक नवीकरण अवधिको लागि लाग्ने नवीकरण दस्तुरको तेब्बर दस्तुर र देहाय बमोजिमको जरिवाना समेत लिई दरखास्त परेको मितिले तीन दिनभित्र त्यस्तो प्राइभेट फर्म नवीकरण गरी दिनु पर्नेछः-

(क) बीस लाख रुपैयाँसम्म पूँजी भएको प्राइभेट फर्मबाट प्रत्येक वर्षका लागि दुई हजार पाँच सय रुपैयाँका दरले,

(ख) बीस लाख रुपैयाँभन्दा बढी पूँजी भएको प्राइभेट फर्मबाट प्रत्येक वर्षका लागि पाँच हजार पाँच सय रुपैयाँका दरले।"

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम ७ को उपनियम (३क) र (५) को अवस्थामा सोही बमोजिम हुनेछ।"

# सूचना २

## पेट्रोलियम पदार्थ तथा ग्याँस मूल्य स्थिरीकरण कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०७७

पेट्रोलियम पदार्थ तथा ग्याँस मूल्य स्थिरीकरण कोष (सञ्चालन) नियमावली, २०७१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरूको नाम "पेट्रोलियम पदार्थ तथा ग्याँस मूल्य स्थिरीकरण कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. <u>पेट्रोलियम पदार्थ तथा ग्याँस मूल्य स्थिरीकरण कोष (सञ्चालन) नियमावली, २०७१ को नियम २ मा संशोधनः</u> पेट्रोलियम पदार्थ तथा ग्याँस मूल्य स्थिरीकरण कोष (सञ्चालन) नियमावली, २०७१ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (छ) मा रहेका "आपूर्ति मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

३. **मूल नियमावलीको नियम ५ मा संशोधनः** मूल नियमावलीको नियम ५ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) सचिव (वाणिज्य तथा आपूर्ति हेर्ने), मन्त्रालय -अध्यक्ष

(ख) सहसचिव (आपूर्ति हेर्ने), मन्त्रालय -सदस्य

(ग) सहसचिव (आर्थिक तथा पूर्वाधार हेर्ने) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(घ) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(ङ) कार्यकारी निर्देशक, नेपाल आयल निगम लिमिटेड -सदस्य-सचिव"

४. **मूल नियमावलीको नियम ९ मा संशोधनः** मूल नियमावलीको नियम ९ को उपनियम (२) झिकिएको छ।

५. **मूल नियमावलीको नियम १३ मा संशोधनः** मूल नियमावलीको नियम १३ मा रहेका "प्रत्येक महिनाको मसान्तभित्र" भन्ने शब्दहरुको सट्टा "प्रत्येक त्रैमासिक अवधि समाप्त भएको सात दिनभित्र" भन्ने शब्दहरु राखिएका छन्।

६. **मूल नियमावलीको नियम २१ मा संशोधनः** मूल नियमावलीको नियम २१ मा रहेका "सदस्य वा" भन्ने शब्दहरू पछि "सदस्य-सचिव वा" भन्ने शब्दहरू थपिएका छन्।

# सूचना ३

## पाइपलाइनबाट पेट्रोलियम पदार्थ ढुवानी (सुरक्षा तथा नियमन) आदेश, २०७७

**प्रस्तावना**ः नेपाल राज्यभित्र पाइपलाइनबाट हुने पेट्रोलियम पदार्थको ढुवानीलाई सुरक्षित, नियमित र व्यवस्थित बनाउन पेट्रोलियम पाइपलाइनको सुरक्षा सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो आदेशको नाम "पाइपलाइनबाट पेट्रोलियम पदार्थ ढुवानी (सुरक्षा तथा नियमन) आदेश, २०७७" रहेको छ।

(२) यो आदेश तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) "निगम" भन्नाले नेपाल सरकारले प्रचलित कानून बमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पेट्रोलियम पदार्थको आयात, भण्डारण र बिक्री वितरणको कारोबार गर्न तोकेको नेपाल आयल निगम लिमिटेड सम्झनु पर्छ र सो शब्दले निगमको प्रादेशिक कार्यालय, डिपो कार्यालय तथा शाखा कार्यालयलाई समेत जनाउँछ।

(ख) "पाइपलाइन" भन्नाले पेट्रोलियम पदार्थको ढुवानीको लागि जमिन मुनि वा जमिनको सतहमा बिच्छ्याइएको वा जमिनको सतह माथि कुनै संरचनाको माध्यमबाट जडान गरिएको निगमको स्वामित्वमा रहेको पाइपलाइन सम्झनु पर्छ।

(ग) "पेट्रोलियम पदार्थ" भन्नाले पेट्रोल, मट्टितेल, डिजेल, हवाई इन्धन वा अन्य लुब्रिकेन्ट सम्झनु पर्छ र सो शब्दले कच्चा तेल तथा मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य पेट्रोलियम पदार्थलाई समेत जनाउँछ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(ङ) "सुरक्षा निकाय" भन्नाले नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल सम्झनु पर्छ।

३. <u>पाइपलाइन बिछ्याइएको जग्गामा निर्माण कार्य गर्न नहुने:</u> (१) कसैले पनि राजमार्ग वा अन्य सडकको क्षेत्राधिकारभित्र बिछ्याइएको पाइपलाइनको हकमा पाइपलाइनको मध्य भागदेखि दायाँ र बायाँ दुवैतर्फ तीन, तीन मिटर र सो बाहेक अन्य क्षेत्रको हकमा पाइपलाइनको मध्य भाग देखि दायाँ र बायाँ दुवैतर्फ दश, दश मिटर भित्र रहेको जग्गामा कुनै किसिमको निर्माण कार्य गर्न, संरचना बनाउन वा अन्य कुनै कामको लागि पाइपलाइनमा क्षति हुने गरी खन्ने कार्य गर्न हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निगमले तोकेको मापदण्डभित्र रही उपदफा (१) बमोजिमको क्षेत्रभित्र पर्ने निजी जग्गामा पाइपलाइनको सुरक्षामा खतरा नपर्ने गरी सामान्य खनजोत गरी कुनै बालीनाली लगाउन वा खेती गर्न बाधा पर्ने छैन।

४. <u>पूर्व स्वीकृति लिनु पर्ने</u>: (१) दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि सो दफाको उपदफा (१) बमोजिमको हदभित्रको निजी वा कुनै निकायको स्वामित्वमा रहेको जग्गामा अति आवश्यक परी कुनै संरचना निर्माण गर्नु परेमा सम्बन्धित व्यक्ति वा निकायले प्रचलित कानून बमोजिम कुनै निकायबाट स्वीकृति लिनुपर्ने भए त्यस्तो स्वीकृति लिनु अघि निगमबाट पूर्व स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृति माग गर्दा पाइपलाइन बिच्छ्याएको क्षेत्रमा निर्माण कार्य गर्नुपर्ने कारण, त्यस्तो संरचना निर्माणको सम्बन्धमा कुनै ड्रईङ्ग, डिजाइन, प्रोफाइल, स्पेसिफिकेशन तयार गरेको भए सो सम्बन्धी कागजातको प्रतिलिपि, कुनै मेसिन वा यन्त्र उपकरण जडान गरिने भए त्यस्तो मेशिन वा यन्त्र उपकरणको विवरण तथा त्यसको लागि आवश्यक पर्ने जग्गाको क्षेत्रफल र सोसँग सम्बन्धित अन्य विवरण समेत संलग्न गरी निगममा निवेदन दिनु पर्नेछ।

(३) यस आदेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार आफैले वा कुनै विदेशी मुलुकसँग सम्झौता गरी निर्माण गरे गराएको पाइपलाइनको हकमा

मन्त्रालयको स्वीकृति लिई पाइपलाइन पार (क्रसिङ्ग) हुने गरी कुनै संरचना निर्माण वा स्थापना गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम मन्त्रालयको स्वीकृति लिई पाइपलाइन पार (क्रसिङ्ग) हुने गरी कुनै संरचना निर्माण वा स्थापना गर्दा मन्त्रालयले निगमको परामर्शमा तोकिदिए बमोजिमको शर्त तथा मापदण्डको पालना गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम निगम वा मन्त्रालयमध्ये जुन निकायबाट स्वीकृति लिई निर्माण कार्य गरिने हो सोही निकायबाट खटिएको प्राविधिकको प्रत्यक्ष निगरानीमा त्यस्तो निर्माण कार्य गर्नु गराउनु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ।

(६) यस दफा बमोजिम संरचना निर्माण गर्दा अपनाउनु पर्ने अन्य सुरक्षा मापदण्ड मन्त्रालयले तोकिदिए बमोजिम हुनेछ र त्यस्तो मापदण्डको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ।

५. **पाइपलाइनको सुरक्षाः** (१) पाइपलाइनको सुरक्षा नेपाल सरकारले तोकेको सुरक्षा निकायले गर्नेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षा निकाय तोक्दा पाइपलाइन रहेको स्थानको प्रकृति र सुरक्षा निकायको उपस्थितिको आधारमा कुनै एक वा एकभन्दा बढी सुरक्षा निकायको जिम्मेवारी रहने गरी तोक्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम पाइपलाइन सुरक्षा गर्ने जिम्मेवारी पाएको सुरक्षा निकायले पाइपलाइनको सुरक्षाको लागि आवश्यक सुरक्षा मापदण्ड तयार गरी सोही बमोजिम पाइपलाइनको सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि निगमले अन्तर्देशीय सीमा क्षेत्रमा (बोर्डर लाईन) मा बिच्छ्याइएको पाइपलाइनको सुरक्षा सम्बन्धमा जुन मुलुकबाट पाइपलाइनमार्फत पेट्रोलियम पदार्थको पैठारी वा ढुवानी गरिएको हो सो मुलुकको सुरक्षा निकाय वा पेट्रोलियम पदार्थको कारोबार गर्ने निकायसँग समन्वय गरी सीमा क्षेत्रमा रहेको पाइपलाइनको सुरक्षाको प्रबन्ध मिलाउनु पर्नेछ।

(५) कसैले पाइपलाइनलाई क्षति पुग्ने गरी कुनै कार्य गरे वा गराएमा वा निगम वा मन्त्रालयको स्वीकृति नलिई पाइपलाइनलाई क्षति पुग्न सक्ने गरी कुनै कार्य गरे वा गराएको पाइएमा सम्बन्धित सुरक्षा निकायले तत्काल त्यस्तो कार्य रोक्न वा रोक्न लगाउन सम्बन्धित व्यक्तिलाई आदेश दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम दिएको आदेश पालना नगर्ने व्यक्तिलाई सुरक्षाकर्मीले तत्काल नियन्त्रणमा लिन वा प्रचलित कानून बमोजिम कारबाही गर्न सक्नेछ।

(७) कसैले यस आदेश विपरीत कुनै कार्य गरेमा पाइपलाइनको सुरक्षार्थ खटिएको सुरक्षाकर्मीले त्यस्तो कार्यमा प्रयोग गरिएका जुनसुकै उपकरण, मेशिनरी औजार तथा मालवस्तु नियन्त्रणमा लिन सक्नेछ।

(८) यस दफा बमोजिम पाइपलाइनको सुरक्षाको लागि खटिएका सुरक्षाकर्मीले प्रयोग गर्ने हातहतियार बाहेक पाइपलाइनको सुरक्षाका लागि आवश्यक पर्ने यन्त्र, उपकरण, साधन, भौतिक संरचनाको निर्माण, व्यवस्थापन सम्बन्धी सम्पूर्ण खर्च निगमले व्यहोर्ने छ।

६. **<u>सुरक्षा सङ्केत तथा उपकरण राख्नु पर्नेः</u>** निगमले पाइपलाइनको सुरक्षाको लागि पाइपलाइन बिच्छ्याइएको स्थान वरिपरि अनधिकृत संरचनाको निर्माण वा अनधिकृत व्यक्तिको प्रवेशमा रोक लगाउन वा त्यस्तो स्थानलाई सुरक्षित गर्न सर्वसाधारणले देख्ने गरी आवश्यक सुरक्षा सङ्केत, जानकारीमूलक सूचना वा सन्देश राख्नु पर्नेछ।

७. **<u>अनुगमन तथा निरीक्षण</u>**ः (१) पाइपलाइनको सुरक्षा सम्बन्धमा नियमित अनुगमन तथा निरीक्षण गर्ने जिम्मेवारी निगमको हुनेछ।

(२) उपदफा (१) बमोजिम निगमले अनुगमन तथा निरीक्षण गर्दा सम्बन्धित स्थानीय प्रशासन र स्थानीय तहको समेत सहयोग माग गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम निगमले सहयोग माग गरेमा सम्बन्धित स्थानीय प्रशासन वा स्थानीय तहले निगमलाई आवश्यक सहयोग गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा कुनै पाइपलाइनको सुरक्षामा कुनै कमी कमजोरी वा समस्या देखिएमा त्यसको तत्काल समाधान गर्ने दायित्व निगमको हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम निरीक्षण तथा अनुगमन गर्दा सार्वजनिक सुरक्षामा गम्भीर खतरा पैदा हुनसक्ने देखिएमा निगमले सोको जानकारी तुरून्त पेट्रोलियम पदार्थ निर्यात गर्ने

मुलुकको सम्बन्धित निकायलाई गराई पेट्रोलियम पदार्थको आपूर्ति बन्द गर्न लगाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको अवस्था परी पाइपलाइनबाट पेट्रोलियम पदार्थको ढुवानी बन्द वा अवरूद्ध भएको जानकारी तत्काल मन्त्रालयलाई गराउनु पर्नेछ।

आज्ञाले,
बैकुण्ठ अर्याल
नेपाल सरकारको सचिव ।

कानून किताब व्यवस्था समिति विभाग, लिटेट

# भाग ५

## नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

## सूचना

नेपाल सरकारले मिति २०७७।०८।०९ मा राष्ट्र गौरवको रुपमा रहेको संसारको सर्वोच्च शिखर सगरमाथाको उचाई ८८४८.८६ मिटर भएको घोषणा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
टेकनारायण पाण्डे
नेपाल सरकारको सचिव ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।–
गो.हु.द.नं. १६।२०६२।६३

मुद्रण विभाग